आ.व. २०७४/०७५ को लागि

# पूर्व योजना तर्जुमा गोष्ठी

मिति २०७३ /०८/ ३०

आयोजक

मध्यविन्दु नगरपालिका
चोरमारा, नवलपरासी

## १. गोष्ठीका उद्देश्यहरु :

- सहभागितात्मक योजना तर्जुमा प्रक्रिया बारे जानकारी गराउने ।
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्ग दर्शन बारे जानकारी गराई छलफल गर्ने ।
- नगरपालिका विषयगत निकाय र गैर स.स.हरुको भूमिका बारे छलफल गर्ने ।
- योजना माग फारम कसरी भर्ने ? बारे जानकारी दिन ।
- टोल बस्ती स्तरदेखि नगर परिषद् सम्मका योजना तर्जुमा समितिको बैठकहरुको मिति कार्य तालिका बारे जानकारी गराउने ।
- नतिजा मुलक र दिगो विकासका लागि छड्के योजना प्रवेशलाई निरुत्साहित गर्दै आयोजना छनौट प्रक्रिया एकरुपता ल्याउने ।

# नगरपालिकालाई प्राप्त हुने अनुदानका किसिमहरु

| | |
|---|---|
| **१. <u>चालु अनुदान</u>**<br>**क. नेपाल सरकारले खटाएका कर्मचारीहरुको तलव भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च ।**<br>**ख. क्षमता विकास खर्च**<br>**ग. सामाजिक परिचालन खर्च** | **२. <u>पूजिगत अनुदान</u>**<br>**क. न्युनतम पुँजिगत अनुदान**<br>**ख. सूत्रमा आधारित अनुदान** |
| <u>३. अन्य अनुदान</u><br>क. चिषयगत सशर्त अनुदान<br>ख. कार्यक्रम वा आयोजनागत सशर्त अनुदान<br>ग. NGO-INGo तथा विकास साझेदारहरुबाट प्राप्त रकम<br>घ. वित्तिय संस्था कोषबाट प्राप्त ऋण<br>ङ. प्राविधिक सहयोग | च. वस्तुगत सहयोग<br>छ. मन्त्रालयले पठाउने स्थानीय विकास शुल्क<br>ज. अन्य अनुदान |

# १. चालु अनुदानमा हुने खर्चहरु

- उपभोग खर्च,कार्यालय सञ्चालन खर्च तथा सेवा खर्च कर्मचारीहरुको तलव भत्ता सुविधा र पदाधिकारीहरुको पारिश्रमिक खर्च ।
- क्षमता विकास खर्चः-विनियम,निर्देशिका, आवधिक योजना तयारी तथा अत्यावश्यक अध्ययन, तालिम अवलोकन भ्रमण, गैरसरकारी संस्था, टोलविकास संस्था, वडा नागरिक मञ्चको क्षमता विकास सम्बन्धी खर्च पिछडिएका क्षेत्र, समुदाय आदिको क्षमता विकास, क्षमता विकासको लागि उपकरण खरिद, परामर्श सेवा,विद्युतिय शासन प्रवर्धन ईत्यादी
- सामाजिक परिचालन खर्चः स्थानीय सेवा प्रदायकको खर्च, वडा नागरिक मञ्च तथा नागरिक सचेतनामा हुने खर्च, टोल वस्ती नक्साङ्कन, समुदाय सशक्तिकरण, cflg, विपन्न घरधुरी नक्साङ्कन, सामुदायिक कोष सञ्चालन, सामाजिक परिचालन समितिको खर्च ।

# पुँजिगत अनुदानको बाँडफाडका आधारहरु

- न्यूनतम पुँजिगत अनुदानः-सबै स्थानीय निकायहरुलाई मन्त्रालयले भौगोलिक सुगमता र विकटताका आधारमा बाँडफाँड गर्ने गर्छ । यो अनुदान स्थानीय निकायलाई प्राप्त हुने कुल पुँजीगत अनुदानको ३० प्रतिशत भन्दा बढी नहुने ।
- शुत्रमा आधारित पुँजिगत अनुदानः- नगरपालिकालाई न्युनतम शर्त र कार्यसम्पादन मापन (Minimum Conditions And Performance Measure - MCPM) का आधारमा स्थानीय निकाय वित्तिय आयोगको सचिवालयको सिफारिसमा मन्त्रालयले देहाय बमोजिम बाँडफाँड गर्छ –

| वितरणको आधार | प्रतिशत |
| --- | --- |
| जनसंख्या | ५० |
| क्षेत्रफल | १० |
| भारित गरिवि | २५ |
| भारित आन्तरिक कर प्रयास | १५ |

# पुँगत खर्च (Capital Expenditure)

१. समपुरक कोषः स्थानीय निकायको परिषद्‌बाट आयोजनागत विवरण सहितको स्वीकृत रकम
२. लक्षित समुह विकास कार्यक्रमः समपुरक कोषमा छुट्‌याईसके पछि बाकी रहेको रकमको कम्तिमा ३५ प्रतिशत रकम
३. आर्थिक, सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रमः- कुल पुँजिगत रकममा लक्षित समुह विकास कार्यक्रमको रकम घँटाई वाकी रहेको रकमलाई शतप्रतिशत मानी सोको कम्तिमा ६० प्रतिशत
४. प्रवर्ध्दनात्मक कार्यक्रमः- आर्थिक, सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रमको रकम कटाई बाकी हुन आउने अधिकतम चालिस प्रतिशत रकम

१. समपुरक कोष (Maching Fund):- नगरपालिकाको आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित सरकारी, गैरसरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थाहरुसंग भएको सम्झौता बमोजिम आयोजनागत रुपमा विवरण तयार गरी आवश्यक रकम समपुरक कोषमा छुट्याउनु पर्नेछ ।

२. लक्षित समूह विकास कार्यक्रम (Focused Group Development Programme):-

- महिलाहरुको सशक्तिकरण, रोजगारीमुलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमको लागि न्युनतम- १० प्रतिशत ।
- बालबालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमको लागि न्युनतम -१० प्रतिशत
- सबै जातजाति विपन्न वर्ग, दलित, ज्येष्ठ नागरिक,आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेशी आदिको कार्यक्रमको लागि न्युनतम – १५ प्रतिशत

## ३. आर्थिक,सामाजिक तथा भौतिक पुर्वाधार विकास कार्यक्रम (economic, social and physical infrastructure development programme)

- यातायात पूर्वाधार क्षेत्र,
- वन, वातावरण,जैविक विविधता, उद्धान तथा खुला एवं हरीयाली जलवायु परिवर्तन, नविकरणिय उर्जा ईत्यादी ।
- जलश्रोत विकास, ग्रामिण विद्युतिकरण,
- सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा संरक्षण, आवास भवन, जग्गा एवं वस्ति विकास ।
- स्वास्थ्य, शिक्षा का पर्वाधार, बजार प्रवर्द्रन तथा व्यवस्थापन,
- सामुदायीक भवन, पुनस्थापना केन्द्र, स्थानीय निकायको आन्तरिक आम्दानि बढाउन गरिने प्रयासहरु
- फोहरमैला व्यवस्थापन तथा ढल निकास
- पर्यटन प्रवर्द्धन,
- राष्ट्रिय भवन संहिताको कार्यन्वयन ईत्यादी

# ४.प्रवर्द्धनात्मक क्षेत्र (Promotional Sector)

- सामाजिक परिचालन मार्फत गठन हुने मञ्च, संस्था आदिबाट माग भई आएका सामाजिक तथा भौतिक पुर्वाधारका आयोजनाहरु ।
- स्थानीयस्तरमा सरकी गैरसरकारी निजि क्षेत्रसंग साझेदारी गरेर सञ्चालन गर्न सकिने योजनाहरु ।
- नेपाल सरकारको राष्ट्रिय निति तथा प्राथमिकतातले समेटेका कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउने कार्यक्रमहरु जस्तैः व्यक्तिगत घटना दर्ता, एक गाँउ एक उत्पादन संग समबन्धित कार्यक्रम, प्राथमिक स्वास्थ्य केन्द्र, एच आई भि एड्स पोलियो खोप ईत्यादी ।

  खेलकुद विकास, शारीरिक तथा मानसिक स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु

  नविकरणिय उर्जा विकास,

  जीविकोपार्जन तथा गरिवि निवारण आदी ।

यस क्षेत्रमा कुनैपनि प्रकारका वितरणमुखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठी जस्ता कार्यक्रममा खर्च गर्न पाईदैन ।

# आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च

- आयोजना सञ्चालनमा सहयोग पुर्याउन
  महानगरपालिका र उपमहानगरपालिकाले-१.५% सम्म
  नगरपालिकाले -३ % सम्म
- कुल पुँजिगत खर्चको अनुपातमा मात्र खर्च गरिन्छ जसमा निम्न खर्चहरु समावेश हुन्छन् –
  आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन,डिजाईन ड्रईङ्ग,सुपरिवेक्षण, वातावरणीय सामाजिक अध्ययन सम्बन्धी खर्च ।
  आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च
  सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुवासो व्यवस्थापन
  आयोजना व्यवस्थापनको लागि आवश्यक प्राविशिक उपकरणहरु
  गुणस्तर परिक्षण गर्ने प्रयोजन
  पारदर्शिता र उत्तरदायित्व प्रवर्धन गर्न ।

# नगरपालिका एकिकृत योजना तर्जुमा समिति

१) नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाका प्रस्तावहरु छनौट गरी नगरपालिका समक्ष सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एकीकृत योजना तर्जुमा समिति रहनेछ ।

क) नगरपालिकाको प्रमुख वा निजको काम गर्न तोकिएको पदाधिकारी – संयोजक

ख) नगरक्षेत्रमा रहेका सामुदायिक संस्थाहरुमध्येबाट नगरपालिकाले तोकेको सामुदायिक संस्थाको महिला प्रतिनिधि एकजना – सदस्य

ग) नगरक्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुले आफूमध्येबाट छनौट गरी पठाएको गैर सरकारी संस्थाको प्रतिनिधि एकजना – सदस्य

घ) नगरक्षेत्रमा रहेका दलित संस्थाहरुले आफूमध्येबाट छनौट गरी पठाएको दलित संस्थाको प्रतिनिधि एकजना – सदस्य

ङ) नगरक्षेत्रमा रहेका महिला संस्थाहरु जस्तै : आमा समूह, महिला सहकारी, महिला सञ्जाल, प्यारालिगल समिति आदिले आफू मध्येबाट छनौट गरी पठाएका महिला संस्थाका प्रतिनिधि दुई जना – सदस्य

च) नगरक्षेत्रमा रहेका बाल क्लबहरुले आफू मध्येबाट छनौट गरी पठाएका बाल प्रतिनिधि एकजना – सदस्य

छ) नगरक्षेत्रमा रहेका आदिवासी जनजातिका संस्थाहरुले आफू मध्येबाट छनौट गरी पठाएका आदिवासी जनजाति संस्थाका प्रतिनिधि एकजना – सदस्य

ज) नगरपालिका क्षेत्रका मधेशी, मुस्लिम र पिछडा वर्गको संस्थाले छनौट गरी पठाएको प्रतिनिधि एजना – सदस्य

झ) नगर स्थित उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना

ञ) नगर क्षेत्रका समाजसेवी, बुद्धिजीवी, ज्येष्ठ नागरिक मध्येबाट नगरपालिकाले तोकेको एकजना – सदस्य

ट) नगरपालिका स्थित वडा नागरिक मञ्चहरुले आफू मध्येबाट छनौट गरी पठाएको महिला प्रतिनिधि एकजना – सदस्य

ठ) नागरिक सचेतन केन्द्रले छनौट गरी पठाएको महिला प्रतिनिधि एकजना

ड) नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिले आफू मध्येबाट छनौट गरी पठाएको प्रतिनिधि एकजना – सदस्य

ढ) नगरपालिकामा क्रियाशिल राजनितिक दलहरुबाट तोकी पठाएको प्रतिनिधि एकजना – सदस्य

ण) नगरपालिकाको कार्यकारी अधिकृत – सदस्य

२) उपदफा (१) बमोजिमको समितिमा संयोजक र सदस्य सचिव एकै व्यक्ति भएमा संयोजकले तोकेको व्यक्तिले सदस्य सचिव भै कामकाज गर्नेछ ।

**१७. एकीकृत योजना तर्जुमा समितिको काम, कर्तव्य र अधिकार :** (१) कार्यविधिको दफा १५ र १६ बमोजिम गठित एकीकृत योजना तर्जुमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) वडा समितिबाट प्राथमिकताक्रमको आधारमा सिफारिस भई आएका कार्यक्रम वा आयोजनाको अनुमानित बजेट सीमाको अधिनमा रही क्षेत्रगत रुपमा छुट्टा-छुट्टै प्राथमिकिकरण गरी अन्तिम सूची तयार गर्ने ।

ख) प्राथमिकिकरण गर्दा क्रमागत आयाजना मध्ये आवश्यकताको आधारमा निष्पक्षता र यथार्थतालाई जोड दिने ।

ग) सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालन गरिने कार्यक्रमको बारेमा समन्वय गर्ने ।

घ) आयोजनाको सिफारिस गर्दा क्षमता विकास सम्बन्धी आयोजना, सामाजिक परिचालन, पूँजीगत लगानीका क्षेत्रका कार्यक्रम वा आयोजना, प्रर्वद्धनात्मक कार्यक्रमहरु र लक्षित समूह -महिला, बालबालिका, अतिविपन्न र पिछडिएका समुदायहरु) को छुट्टा-छुट्टै आयोजना लगानी सूची र आयोजनागत लगानी हुने रकमको सूची पेश गर्ने ।

ङ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने आयोजनामा दोहोरोपना आउन नदिने र कार्यक्रम वा आयोजना बीच पारस्परिक सम्बन्ध एवंम् परिपूरकता कायम गर्ने ।

च) गाउँ विकास कोष र नगरपालिका कोषको अन्तिम लेखापरीक्षण लप्रतिवेदनले औंल्याएका विषयहरुमा छलफल गरी पृष्ठपोषण दिने ।

छ) स्थानीय निकायको कार्यमा आवश्यक सल्लाह एवम् सुझाव दिने तथा आवश्यक सहयोग पुऱ्याउने ।

# आगामी आ.व. २०७४/७५ को लागि
# मध्यविन्दु न.पा.को योजना तर्जुमा कार्य योजना

| सि.नं. | कार्यक्रम विवरण | मिति | |
|---|---|---|---|
| १ | गाउँ वस्तीका आयोजना संकलन | २०७३/९/३ | २०७३/९/५ |
| २. | वडा भेला | २०७३/९/६ | २०७३/९/८ |
| ३. | वडाका आयोजना कार्यक्रम न.पा.मा पेश गर्ने | २०७३/९/१० | २०७३/९/११ |
| ४. | विषयगत योजना तर्जुमा समितिको बैठक | २०७३/९/१३ | २०७३/९/१७ |
| ५. | विषयगत निकाय, गै.स.स. लक्षित समुदायसँग बैठक | २०७३/९/१८ | २०७३/९/१८ |
| ६. | एकिकृत योजना तर्जुमा समिति बैठक | २०७३/९/१९ | २०७३/९/२० |
| ७ | न.पा. बोर्ड बैठक | २०७३/९/२१ | २०७३/९/२२ |
| ८. | **दोश्रो नगर परिषद्** | **२०७३/९/२५ गते सोमबार** | |

# आगामी आ.व. ०७४/०७५

## क) मन्त्रालयबाट प्राप्त हुने अनुमानित बजेट सिलिङ्ग

| सि.नं. | विवरण | हाल प्राप्त बजेट | अनुमानित बजेट |
|---|---|---|---|
| १. | न.पा. अनुदान | २,५५,२७,०००। | २,८०,००,०००। |
| | क) नमूना सडक, नाला निर्माण | ९२,१६,०००। | १,००,००,०००। |
| २. | नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १,४२,०५,०००। | १,५६,००,०००। |
| ३. | सौर्य सडक बत्ती | २४,३३,०००। | २६,००,०००। |
| ४. | सडक बोर्ड | ४४,३०,०००। | ५०,००,०००। |
| | **कुल पूँजीगत अनुदान** | ५,५८,११,०००। | ६,१२,००,०००। |

## ख) आन्तरिक श्रोत

| सि.नं. | विवरण | बजेट |
|---|---|---|
| १. | आन्तरिक आय | १,०५,००,०००। |
| २. | मालपोत रजिष्टेशन शुल्क बाँडफाँड | २०,००,०००। |
| ३. | राजस्व बाँडफाँड | २५,००,०००। |
| **जम्मा** | | **१,५०,००,०००।** |

कुल आन्तरिक श्रोत = १,५०,००,०००।

कुल पूँजीगत बजेट (अनुदान + आन्तरिक आय) = ६१२,००,००० + ११०,००,००० = ७,२२,००,०००।

ग) चालु खर्च (कार्यलय सञ्चालन तथा सा.सु. भत्ता समेत) = ५,८०,००,०००।

कुल वार्षिक बजेट = १,००,०००।

# अनुमानित कुल बजेट = १३,०२,००,०००।

# निशर्त: पूँजीगत अनुदानको बाँडफाँड

कुल निशर्त: पूँजीगत अनुदान = २,८०,००,०००।

क) समपूरक कोषको निमित्त = १,००,००,०००।

ख) लक्षित वर्गको निमित्त = ७२,००,०००।

ग) आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको निमित्त = ९०,००,०००।

ग) प्रर्बद्धनात्म कार्यक्रमको निमित्त = १८,००,०००।

# वडा स्तरमा योजना छनौट सम्बन्धी मार्ग दर्शन

१) नगरपालिका भित्रका प्रत्येक वडामा आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको क्षेत्रमा लगानी गर्ने गरी रु. १० लाखको दरले र प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गर्ने गरी २ लाखको दरले हुन आउने कुल १२ लाख बराबरका योजना छनौट गर्नुपर्नेछ । आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको योजनाहरु प्रत्येक वडामा बढीमा २ वटाका दरले छनौट गर्नुपर्नेछ साथै प्रर्बद्धनात्मक कार्यक्रमको लागि प्रत्येक वडामा बढीमा ४ वटासम्म योजनासम्म छनौट गरी प्राथमिकता तोकी तोकिएको ढाँचामा माग फाराममा प्रस्तावित गरी नगरपालिकामा पेश गर्नुपर्नेछ । त्यस्ता योजना छनौट गर्दा :

क) बढी जनसहभागिता हुने, बढी प्रतिफल दिने, स्थानीय श्रोत परिचालन गर्न सकिने, रोजगारी सृजना गर्ने किसिमका आयोजना, कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२) लक्षित समूहको लागि योजना छनौट गर्दा महिला १०% बालबालिका १५% र सिमान्तक रित वर्गको लागि १५% हुने गरी देहाय बमोजिमको सिलिङ्ग रही योजना प्रस्ताव गर्नुपर्नेछ ।

क) महिला निमित्त १८,००,०००।

ख) बालबालिको निमित्त २७,००,०००।

ग) पिछडिएको वर्गको निमित्त २७,००,०००।

# आन्तरिक आम्दानीको पूँजीगत तर्फका योजनाहरुको सम्बन्धमा

| | | | |
|---|---|---|---|
| कुल पूँजीगत अनुमानित आन्तरिक आम्दानी | | | १,१०,००,०००। |
| १) समपूरक कोषको निमित्त | | | २०,००,०००। |
| २) लक्षित वर्गको निमित्त | | | ३६,००,०००। |
| | क) महिला | ९,००,०००। | |
| | ख) बालबालिका | १३,५०,०००। | |
| | ग) पिछडिएको वर्ग | १३,५०,०००। | |
| ३) आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको निमित्त | | | ३२,४०,०००। |
| | (प्रत्येक वडाको निमित्त ३,६०,०००।) | | |
| ४) प्रर्बद्धनात्मक कार्यक्रम | | | २१,६०,०००। |
| | (प्रत्येक वडाको निमित्त २,४०,०००।) | | |

३) सडक बोर्डबाट प्राप्त हुन सक्ने अनुदान रकम प्रत्येक वडाको निमित्त रु. ५,५०,०००। का दरले योजना छनौट गरी प्राथमिकता निर्धारण गरी प्रस्ताव गर्नुपर्नेछ । सडक बोर्डबाट प्राप्त हुने अनुदानमा तोकिएको लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता सहित प्रस्ताव गर्नुपर्नेछ ।

४) सौर्य सडक बत्तीको निमित्त योजना छनौट गर्दा आफ्नो वडामा आवश्यकता अनुसार छनौट गरी प्रस्ताव गर्नुपर्नेछ । उक्त आयोजनामा सौर्य सडक बत्ती सञ्चालन सम्बन्धी कार्यविधिमा उल्लेखित लागत सहभागिता सुनिश्चित हुनुपर्नेछ । सौर्य सडक बत्तीको योजना प्रस्ताव गर्दा :

क) बढी सवारी साधन गुड्ने र आवतजावत बढी हुने सडकको निमित्त योजना गर्नुपर्नेछ ।

ख) कुनै वडामा सौर्य सडक बत्ती आवश्यक नभएमा एकिकृत योजना तर्जुमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

५) उल्लेखित आयोजनाहरु छनौट गर्दा गत वर्ष काम सम्पन्न हुन नसकेका योजनालाई प्राथमिकता दिनुपर्नेछ । हालसम्म योजना पर्न नसकेका स्थान, पिछडिएको वर्ग, क्षेत्र समेतलाई मध्यनगर गरी प्राथमिकता तोकी आयोजना गर्नुपर्नेछ ।

६) आयोजना प्रस्ताव गर्दा अन्य सरकारी, गैरसरकारी संघ संस्थाहरुबाट सञ्चालन भएका योजनाहरुमा दोहोरो लागत नपर्ने गरी प्रस्ताव गर्नुपर्नेछ ।

७) उल्लेखित प्रावधानको अधिनमा रही योजना छनौट गरी प्रस्ताव नगरिएका योजनाहरु एकिकृत योजना तर्जुमा समितिले हेरफेर गर्न सक्नेछ । सबै प्रावधान पूरा गरी प्रस्ताव गरिएका योजनाहरुलाई एकिकृत योजना तर्जुमा समितिबाट अनुमोदन गराई परिषद्मा प्रस्ताव गरिनेछ ।

८) नगर क्षेत्र विकास पूर्वाधारको निमित्त आयोजना छनौट गर्दा कम्तीमा ५०,००,०००। लागत बराबरका योजना प्रस्ताव गरी पठाउनुपर्नेछ ।

९) नमूना सडक, नाला निर्माणको निमित्त हाल छनौट भई कार्यन्वयनमा रहेका योजनाहरुकै निमित्त मन्त्रालयले रकम विनियोजन गरी पठाएमा सोही योजनालाई निरन्तरता दिईनेछ, नयाँ योजना छनौट गर्ने गरी मन्त्रालयबाट अनुदान प्राप्त भएमा योजना सञ्चालन गर्ने गरी प्रत्येक वडा भेलाबाट त्यस्ता योजनाहरु प्रस्ताव पेश गर्न सकिनेछ ।

## ७.आयोजना/कार्यक्रमको वर्गीकरण र प्राथमिकीकरण :

- **क) वित्तिय लगानी, लगानीकर्ता र कार्यान्वयन क्षमताको आधारमा कार्यान्वयन हुने :**
- उपभोक्ता समिति, सामुदायिक संस्था र टोल विकास संस्थाले कार्यान्वयन गर्ने ।
- नगरपालिकाले कार्यान्वयन गर्ने ।
- जिविसले कार्यान्वयन गर्ने ।
- विषयगत कार्यालय/मन्त्रालयले कार्यान्वयन गर्ने ।
- गै.स.स./दातृ निकायले कार्यान्वयन गर्ने ।
- **ख) आयोजनाहरूको अवस्थाको प्रकृतिका आधारमा कार्यान्वयन हुने :**
- निर्माणाधीन, अधुरो र क्रमागत ।
- पुरानो आयोजना मर्मत
- नयाँ आयोजना

- ग) विषयगत क्षेत्रको आधारमा कार्यान्वयन हुने :

- **आर्थिक विकास** :— कृषि, वागवानी, सिंचाई, पशुपालन, वित्तिय सेवा, वनखानी र पर्यटन उद्योग, र व्यापार सम्बन्धी कार्यक्रमहरू ।
- **सामाजिक विकास** :— शिक्षा, स्वास्थ्य, संस्कृति र सम्पदा, मनोरञ्जन, खेलकुद, मानवीय क्षमता विकास कार्यक्रम, लैंगिक तथा उत्पिडित वर्ग, महिला, वालवालिका, अपाङ्ग, द्वन्द पिडित, सामाजिक सुरक्षा, रक्षात्मक/आपत्कालीन सेवासम्बन्धी कार्यक्रम ।
- **वन तथा वातावरण विकास** :— वृक्षारोपण, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन प्रभाव न्युनिकरण, फोहरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण र विपद् व्यवस्थापन सम्बन्धी ।
- **भौतिक पूर्वाधार विकास** :— सडक, पुल तथा यातायात, आवास तथा जग्गा विकास, खानेपानी तथा सरसफाई, विद्युत र वैकल्पिक उर्जा, संचार र प्रविधि एवं भवन सम्बन्धी
- **संस्थागत स्रोत तथा क्षमता विकास** :— सुशासन, नागरिक समाजको सवलिकरण, सशक्तिकरण, समन्वय र संजाल विकास, संगठनात्मक विकास, क्षमता अभिवृद्धि, अनुगमन र सुपरिवेक्षण, नीति योजना तर्जुमा र स्थानीय स्रोत साधन र क्षमता विकास सम्बन्धी ।

## प्रस्तावित निर्णयहरु :

आ.व. ०७४/७५ को लागि

- नगरपालिका अनुदानबाट प्राप्त हुने निशर्त अनुदानबाट रु. १,००,००,०००। (एक करोड) रकम समपुरक कोष निमित्त छुट्टयाउने निर्णय गर्ने ।
- मार्ग दर्शन पालना नगरी प्रस्ताव गरिएको योजना बाहेक वडा स्तरबाट प्रस्ताव गरिएको अन्य योजनाहरुको प्राथमिकिकरणलाई मुख्य आधारमानी एकीकृत योजना तर्जुमा समितिले नगर परिषद्मा योजना प्रस्ताव गर्ने ।
- आ.व. ०७४/७५ मा परिषद्बाट छनौट भएका योजनाहरु बाहेक आ.व.को अन्य अवधिमा योजनाहरुलाई छड्के प्रवेश गराउने काम पूर्ण रुपमा निषेध गर्ने ।
- योजनाहरुको दोहोरोपन हटाउन विषयगत कार्यालयहरु, गैरसरकारी संघसंस्थाहरु उपभोक्ता समितिहरु, सामुदायिक वन लगायत विभिन्न संघ संस्थाहरुबाट नगरक्षेत्रमा आगामी आ.व.मा सञ्चालन हुने कार्यक्रमको सम्बन्धमा विषयगत बैठकहरुमा त्यस्ता निकायहरुले जानकारी गराई आ-आफ्ना योजनाहरु एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने निर्णय गरियो ।

# धन्यवाद !